**चौरजहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौरजहारी, रुकुम (पश्चिम)** ०८८-४४११४६,९८५७८२६१११
**कर्णाली प्रदेश, नेपाल** ito.chaurjaharimun@gmail.com

प.स.:- २०८०/०८१
च.न.:- १८६२

मिति:-२०८१/०२/३२
ने.सं. ११४४ तछलाथ्व ८, शुक्रवार

विषयः- विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै,
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।

उपर्युक्त विषयमा जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) को च.नं. ४४५४, मिति २०८१/०२/२९ गतेको पत्र र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरवार काठमान्डौंको च.नं. १६८७, मिति २०८१/०२/२३ गतेको पत्रानुसार जिल्ला प्रशासन कार्यालयको अभियान मार्फत राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गरेका तर राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त नगरेका व्यक्तिहरुको विवरण स्थानिय तहहरुसँग समन्वय गरी विवरण पठाउने सम्बन्धमा लेखिएको पत्र यसै साथ संलग्न छ। सोही पत्रबाट थप व्यहोरा अवगत गर्नु भई यसै साथ संलग्न पत्रमा उल्लेखित ढाँचा अनुसारको विवरण (सफटकपी र हार्डकपी) उपलब्ध गराईदिनु हुन अनुरोध छ।

२०८१/०२/३२

...............
शेरप्रसाद थकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

टेलिफोनः ४२११५६१, ४२६४६८६,४२६२०५६, ४२००८९५

सिंहदरवार, काठमाडौं, नेपाल

पत्र संख्याः-०८०/८१

च.नं.:- १५८७

मितिः२०८१/०२/२३

ने.सं. ११४४ वछलागा,१४ बुधवार

विषयः सहजीकरण सम्वन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

श्री इलाका प्रशासन कार्यालय, सबै।

प्रस्तुत विषयमा मिति २०८१ श्रावण १ गते देखी सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचय नम्बर (NIN) अनिवार्य गर्ने विभागको योजना रहेकोले तहाँ जिल्लामा अभियान मार्फत राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गरेका तर राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त नगरेका व्यक्तिहरुको विवरण स्थानीय तहहरुसँग समेत समन्वय गरी तपसिल बमोजिमको ढाँचामा पठाईदिने व्यवस्था मिलाईदिनु हुन, साथै सम्वन्धित जिल्ला वाहेकका व्यक्तिहरुले तहाँ कार्यालयमा राष्ट्रिय परिचयपत्रको लागि आवेदन पेश गरेमा त्यस्ता आवेदकहरुको समेत राष्ट्रिय परिचयपत्रको विवरण संकलन गर्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

तपसिल

| सि.नं. | आवेदन नम्वर | आवेदकको नामथर (नेपालीमा) | आवेदकको नामथर (अंग्रेजीमा) | जन्ममिति (वि.सं.मा) | जन्ममिति (अंग्रेजीमा) | नागरिकता नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(प्रमिला रिजाल)

शाखा अधिकृत